| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| **कानूनी तथा नीतिगत सुधार** | | | |
| १. | अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा हाम्रो आवश्यकता समेत मध्यनजर गरी नागरिक उड्डयन क्षेत्रमा नियामक र सेवाप्रदायक निकायको अलग अलग व्यवस्था हुनेगरी नयाँ कानूनहरु तर्जुमाका लागि विधेयकको मस्यौदा नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने । | २ महिना | MoCTCA |
| २. | Montreal Convention अनुरुप आन्तरिक हवाई सेवामा नेपाली यात्रुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको बीमा सम्बन्धी व्यवस्था गर्नेगरी कानूनको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने । | ४ महिना | MoCTCA |
| ३. | नेपालमा नागरिक उड्डयनको विश्वसनीयता बृद्धि गर्न Cape-Town-Convention सम्मिलन गर्न नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने । | ६ महिना | MoCTCA |
| ४. | नेपालको नागरिक उड्डयन क्षेत्रलाई युरोपियन युनियनको Safety List बाट हटाउन आवश्यक पूर्व शर्तहरु पूरा गर्ने । | ६ महिना | DG-CAAN<br>MoCTCA |
| ५. | नेपाल वायुसेवा निगमको दीर्घकालीन सुधारका लागि गठित समितिले दिने प्रतिवेदन कार्यान्वयन गर्ने । | ३ महिना र निरन्तर | MoCTCA |
| ६. | नेपाल वायुसेवा निगमलाई सार्वजनिक कम्पनीको रुपमा संचालन गर्नको लागि आवश्यक कानून संशोधनको मस्यौदा नेपाल सरकार मन्त्रिपरिषद समक्ष पेश गर्ने । | ३ महिना | MoCTCA |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| ७. | शासकीय प्रणालीमा आएको परिवर्तन तथा परिवर्तित सन्दर्भ अनुरुप यस मन्त्रालयको कार्यक्षेत्रसंग सम्बन्धित संस्कृति, पर्यटन र हवाई नीतिको परिमार्जन तथा सम्बन्धित ऐन, नियमको संशोधन गर्ने। | चालु आ. व. भित्र | MoCTCA |
| ८. | संघीयताको अवधारणा अनुरुप नेपालको पर्यटन क्षेत्रको विकासका लागि नयाँ ऐनको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने। | ६ महिना | MoCTCA |
| ९. | पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको दीगो उत्पादन तथा व्यवस्थापनका लागि हाल रहेका संस्थाहरुको पुनर्संरचना गर्ने तथा गाभ्ने समेत कार्यका लागि नेपाल पर्यटन अध्ययन प्रतिष्ठान स्थापनाका लागि नेपाल सरकार मन्त्रिपरिषदमा पेश गरिएको विधेयक संघीय संसद समक्ष पेश गर्ने। | २ महिना | MoCTCA |
| १०. | नेपालको पर्वतीय पर्यटन सुधारका लागि प्राप्त प्रतिवेदन अनुसार आवश्यक कानून संशोधन प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद समक्ष पेश गर्ने। | २ महिना | MoCTCA |
| ११. | संघीयताको अवधारणा अनुरुप तोकिएका पर्यटन सेवाहरु प्रदेश सरकार अन्तर्गतबाट संचालन गर्ने गरी हस्तान्तरण गर्ने। | ३ महिना | DoT |
| १२. | परिवर्तित अवस्था अनुसार होटल रेष्टुरेन्ट लगायत पर्यटकीय सेवाको गुणस्तरीयता बृद्धि गर्नेगरी होटल मापदण्ड जारी गर्ने। | १५ दिन | MoCTCA |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| १३. | साँस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहसमेतको समन्वय र साझेदारी हुने तथा विकास समिति ऐनबाट गठित संस्थाहरुको कानूनी तथा संस्थागत पुनर्संरचना गर्नेगरी साँस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन सम्बन्धी छाता कानूनको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने । | ६ महिना | MoCTCA |
| १४. | परिवर्तित सन्दर्भ र वर्तमान आवश्यकता अनुसार लुम्बिनी, पशुपति र जनकपुर क्षेत्र विकास परिषदका नयाँ ऐनको मस्यौदा तयार गरी नेपाल सरकार मन्त्रिपरिषदमा पेश गर्ने । | ६ महिना | MoCTCA |
| १५. | तिलौराकोटलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न Nominee Doissureको तयारी कार्य पूरा गर्ने । साथै, रामजानकी मन्दिर, रामग्रामलाई विश्व सम्पदा सूचीमा सूचिकृत गर्ने प्रकृया अघि बढाउने । | ६ महिना | DoA |
| **नागरिक उड्डयन क्षेत्र** | | | |
| १६. | सबै प्रदेशका राजधानी जोडिनेगरी निजी वायुसेवा कम्पनी र नेपाल वायुसेवा निगमसंगको छलफलबाट अन्तर प्रदेश हवाइ सेवा विस्तार गर्न प्रोत्साहन गर्ने । | ३ महिना | MoCTCA<br>CAAN |
| १७. | निजी क्षेत्र समेतको सहकार्यमा उड्डयन क्षेत्रका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न अन्तर्राष्ट्रिय स्तरको फ्लाइङ स्कुल सञ्चालन संभाव्यताको अध्ययन गर्ने । | १ वर्ष | MoCTCA<br>CAAN |
| १८. | प्रयोगमा नआएका विमानस्थललाई एयर स्पोर्टस एक्टिभिटी सेन्टरका रुपमा विकास गर्न | ६ महिना | MOCTCA<br>CAAN |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | EOI जारी गर्ने। (हट एयर बेलुन, अल्टलाइट आदि ) | | |
| १९. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको एयर ट्राफिक व्यवस्थापन गर्न काठमाडौं नजिकको (रामेछाप) विमानस्थलको स्तरोन्नती गर्ने । | निरन्तर | DG-CAAN, |
| २०. | काठमाण्डौबाट प्रमुख आन्तरिक एयरपोर्टमा जाने साना जहाजहरुको उडान निरुत्साहन गर्दै जाने । साथै, काठमाण्डौ बाहिरका विमानस्थलबाट दुर्गम क्षेत्रहरुमा हुने उडानलाई प्रोत्साहन गर्ने। | निरन्तर | MOCTCA CAAN |
| २१. | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको Civil र Mechanical कार्य २०१९ डिसेम्बर भित्र सम्पन्न गर्ने । र अर्को ३ महिनाभित्र परीक्षण उडान गरी व्यवसायिक उडानको पूर्वतयारी गर्ने। यस विमानस्थलमा विदेशबाट उडान गर्ने हवाई कम्पनीलाई प्रोत्साहन गर्न Incentive Package घोषणा गर्ने। | ३ महिना | DG-CAAN MoCTCA |
| २२. | निजगढ अन्तर्राष्ट्रिय विमानस्थल (बारा) को निर्माण कार्यमा शिघ्रताको लागि लगानी बोर्डसंग छलफल गरी लगानीको मोडाटिली तयार गर्ने।<br>टांगिया बस्ती व्यवस्थापनको मोडालिटी स्पष्ट गर्ने।<br>वृक्षारोपणको लागि क्षेत्र पहिचान गर्ने।<br>वन तथा वातावरण मन्त्रालयसंग समन्वय गरी Site Clearance गर्ने । | १ महिना<br>२ महिना<br>३ महिना<br>९ महिना | परियोजना निर्देशक MoCTCA CAAN |
| २३. | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको हालको निर्माण गति कायम राख्दै निर्धारित | | DG-CAAN |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
| --- | --- | --- | --- |
| | समयअघि नै सम्पन्न गर्ने व्यवस्था मिलाउने । | | |
| २४. | सवै प्रदेश राजधानीका विमानस्थलहरुलाई कम्तिमा ७० सिट भन्दा माथिका जहाज उडान तथा अवतरण हुन सक्नेगरी स्तरोन्नति र विस्तार गर्ने । तराई मधेशमा रहेका विमानस्थलहरुको आवश्यकता अनुसार स्तरोन्नति गर्ने । सुर्खेत एवं पर्यटकीय दृष्टीले महत्वपूर्ण भरतपुर विमानस्थलको समेत विस्तार कार्य अघि बढाउने । | चालु आ.व.मा शुरु गरी ३ वर्षमा सम्पन्न गर्ने | DG-CAAN |
| २५. | आन्तरिक उडान Schedule Flight लाई अनिवार्य उडान गर्ने व्यवस्था मिलाउने। | निरन्तर | DG-CAAN |
| २६. | सरोकारवाला निकाय सहितको समन्वयमा तीनकुनेदेखि गौशालासम्मको सडकलाई दुवैतर्फ संचालनको आवश्यक मापदण्ड बनाउने तथा Beautification गर्ने कार्यको शुरुवात गर्ने। | ३ महिना | DG-CAAN MoCTCA कामनपा सडक विभाग |
| २७. | हालसम्म बुझाइएका दुर्घटना जाँच प्रतिवेदनहरुको सुझाव र कार्यान्वयन स्थितिको विश्लेषण गरी कार्यान्वयन गर्ने गराउने। | ६ महिना | MoCTCA |
| २८. | ७० वर्ष माथिका ज्येष्ठ नागरिकलाई आन्तरिक उडानको हवाई भाडामा ५० प्रतिशत छुट दिनेगरी सरोकारवालासंग छलफल गरी कार्यान्वयन गराउने। | ३ महिना | MoCTCA DG-CAAN सवै वायुसेवा कम्पनी |
| **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुधार** | | | |
| २९. | यस विमानस्थलका Domestic/ International तर्फ अध्यागमन सेवा, यात्रु | ३ महिना | GM-TIA DG-Immigration |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | लगेज सेवा र विश्रामस्थल लगायतका महत्वपूर्ण स्थानहरुको सी सी क्यामरा मार्फत प्रत्यक्ष निगरानी गर्ने र तत्काल पृष्ठपोषण र सुधार गर्ने प्रणाली विकास गर्ने । | | |
| ३०. | विमानस्थलमा अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप आधारभूत सेवा(खानेपानी, सरसफाई, शौचालय लगायत) को व्यवस्थापन र अनुगमन गर्ने ।<br>यस विमानस्थलको सेवाको गुणस्तरको मान्यता प्राप्त अन्तर्राष्ट्रिय संस्था (ACI World) बाट ग्रेडिङ गर्ने कार्य चालु आ. व. भित्र सम्पन्न गर्ने । | निरन्तर | GM-TIA |
| ३१. | आन्तरिक उडान तर्फ सम्माननीय (Big Six) लाईमात्र सवारी साधन सहित विमान नजिक जान पाउने व्यवस्था गर्ने । साथै, VIP Movement सम्बन्धी मापदण्ड परिमार्जन गरी लागू गर्ने । | १५ दिन<br>२ महिना | GM-TIA<br>CAAN<br>MoCTCA |
| ३२. | विमानस्थलबाट संचालन हुने ट्याक्सीभित्र चालकको परिचय पत्र र ट्याक्सी नम्बर देखिने गरी राख्ने र सबै ट्याक्सी लगायतका पर्यटकीय सवारी साधनमा जीपीएस प्रणाली राख्ने व्यवस्था मिलाउने । साथै पर्यटकीय ट्याक्सी चालकलाई निर्धारित पोशाक र व्यवहारगत तालिम दिने । | २ महिना | GM-TIA<br>NPC-VNY |
| ३३. | विमानस्थलको प्रस्थानतर्फको अन्तिम बिन्दुमा डिजिटल प्रविधि समेतबाट पृष्ठपोषण लिने व्यवस्था गरी निरन्तर विश्लेषण तथा आवश्यक सुधार गर्ने । | ३ महिना | GM-TIA |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| ३४. | विमानस्थलमा रहेको मनी एक्सचेन्ज काउन्टर अगाडि २४ सै घण्टा सटही दर देखिने गरी विद्युतीय सूचना बोर्ड राख्ने व्यवस्था मिलाउने। | १ महिना | GM-TIA |
| ३५. | विमानस्थलभित्रका पसलबाट उपलब्ध हुने Food and Beverage को मूल्य निर्धारणको सुझाव दिन कार्यदल गठन गरी सुझाव प्राप्त गर्ने तथा कार्यान्वयन गर्ने। | ३ महिना | GM-TIA |
| ३६. | अन्तर्राष्ट्रिय प्रस्थान कक्षतर्फ Duty Free Shop को व्यवस्था गर्ने तथा उक्त पसलहरुमा नेपाली हस्तकला, जेम्स तथा नेपाली उत्पादनका High Value Products बिक्री गर्ने व्यवस्था मिलाउने। | ३ महिना | GM-TIA |
| ३७. | यस विमानस्थललाई बुटिक अवधारणा अनुरुप रुपान्तरण गर्न तोकिएका कार्यहरु समयमै सम्पन्न गर्ने | निरन्तर | GM-TIA |
| ३८. | यस विमानस्थलमा ब्यागेज क्लियरेन्सको कार्य ३० मिनेट भित्र सम्पन्न हुने व्यवस्था मिलाउने। | निरन्तर | EC-NAC |
| ३९. | पुरानो पार्किङ्गस्थलमा आकर्षक बगैंचा निर्माण गर्ने। यात्रु प्रतीक्षालय निर्माण गर्ने। | ३ महिना | GM-TIA |
| ४०. | स्मार्ट पार्किङ र इ पेमेण्ट - सवारीसाधन पार्किङ व्यवस्थापन पारदर्शी र डिजीटलाइज गर्नका लागि अध्ययन गरी कार्यान्वयन गर्ने। | ६ महिना | GM-TIA |
| ४१. | विमानस्थलमा रहेका भद्दा विज्ञापन तत्काल हटाउने र विज्ञापनको वैज्ञानिक मापदण्ड बनाई लागू गर्ने। | २ महिना | GM-TIA<br>DG-CAAN |
| ४२. | यस विमानस्थलभित्र २ ओटा ठूला Electronic Rolling Display Board राखी नेपाल चिनाउने प्रमुख प्राकृतिक तथा | ३ महिना र निरन्तर | CEO-NTB |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | साँस्कृतिक सम्पदाको प्रचारको व्यवस्था गर्ने । | | |
| ४३. | विमानस्थलमा रहेको नेपाल पर्यटन बोर्डको सूचना डेस्कमा धैरै पर्यटक आउने प्रमुख मूलुकका नागरिकले बोल्ने (अंग्रेजी, चिनिया र हिन्दी) भाषाका सहयोगी तथा सूचना ब्रोसर राख्ने व्यवस्था मिलाउने । | ३ महिना | CEO-NTB |
| ४४. | विमानस्थलको आगमनबाट पार्किङसम्म स्वचालित स्क्यालेटर निर्माण तथा सञ्चालन गरी यात्रुहरुलाई ट्रली सेवा तथा अन्य आवतजावत सहज बनाउने । | ३ महिना | GM-TIA |
| ४५. | ट्रान्जिट यात्रुका लागि सुविधा सम्पन्न लाउन्ज व्यवस्था गर्ने । | ६ महिना | GM-TIA |
| ४६. | अध्यागमन विभागसंगको समन्वयमा बायोमेट्रिक यात्रुजाँच प्रविधि र अनलाइन भिषा र इ-पेमेन्टको प्रबन्ध मिलाउने । | ३ महिना | GM-TIA, DG Immigratio n |
| ४७. | विमानस्थलमा शव ल्याउने छुट्टै मार्ग र मृतकका आफन्तका लागि फरक प्रतिक्षालय निर्माण गर्ने । | ६ महिना | GM-TIA |
| ४८. | First Class र Business Class का यात्रुहरुलाई Priority Check in, Immigration, Boarding र Baggage Clearance को व्यवस्था मिलाउने । यस्ता यात्रुलाई Pickup and Drop को लागि छुट्टै सवारी साधनको व्यवस्था गर्ने । | २ महिना | GM-TIA EC-NAC |
| ४९. | बृद्ध, असक्त तथा अपांग यात्रुहरुलाई प्राथमिकतामा Check in, Immigration, Boarding र विश्रामको व्यवस्था मिलाउने । | ३ महिना | GM-TIA |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| ५०. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल २४ सै घण्टा सञ्चालनयोग्य बनाउने । | २ महिना | GM-TIA |
| ५१. | साझा यातायात एवम् पर्यटक यातायात संस्थाहरुसंगको छलफल एवं सहकार्यमा विमानस्थलबाट शहरका विभिन्न पर्यटकीय क्षेत्रमा सटल बस सञ्चालन गर्ने व्यवस्था मिलाउन सम्भाव्यताको अध्ययन गर्ने । | ३ महिना | GM-TIA<br>CEO-NTB<br>MoCTCA |
| ५२. | आन्तरिक टर्मिनलमा ब्यागेज बेल्ट राख्ने तथा अन्तर्राष्ट्रियतर्फ थप गर्ने । | ३ महिना | GM-TIA |
| ५३. | Transit यात्रुलाई सहज हुनेगरी आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थल जोड्ने बाटोलाई व्यवस्थित गर्ने । | ६ महिना | GM-TIA |
| ५४. | यस विमानस्थलमा कार्यरत कर्मचारीलाई सकारात्मक सोंच सहितको पुनर्ताजगी तालिम दिने । | निरन्तर | DG-CAAN |
| **नेपाल वायुसेवा निगम सुधार** | | | |
| ५५. | नेपाल वायुसेवा निगमको समग्र व्यवस्थापन सुधार कार्यलाई तीब्रता दिने । | निरन्तर | EC-NAC<br>MoCTCA |
| ५६. | निगमको वाइडबडी रियाद र गोन्जाउ उडान गर्ने । | ३ महिना | EC-NAC |
| ५७. | नेपाल वायु सेवा निगमका सबै विमानहरु सञ्चालनमा ल्याउन पहल गर्ने । | ३ महिना | EC-NAC |
| ५८. | Existing Flight Analysis गरी थप गन्तव्यको उडानको व्यवसायिक कार्ययोजना बनाउने । थप गन्तव्यहरु उडानको तयारी गर्ने । | १ महिना | EC-NAC |
| ५९. | निगमको सबै प्रकारका टिकटलाई अनलाइन बिक्रीमा लैजाने व्यवस्था मिलाउने । | १ महिना | EC-NAC |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| ६०. | निगमबाट सञ्चालित विमानस्थलको ग्राउण्ड ह्याण्डलिङलाई थप व्यवस्थित र प्रभावकारी बनाउने।<br>विमानस्थल भित्र यात्रुहरुलाई ५ वटा नयाँ Shuttle Bus बाट सेवा दिने। | १५ दिन<br>४ महिना | EC-NAC |
| ६१. | निगमको टिकट रद्दपछिको रिफण्ड प्रकृयालाई सरलीकृत गर्ने। | १ महिना | EC-NAC |
| ६२. | निगमको DDA (Due Deligence Audit) गराउने। | चालु आ.व. | EC-NAC |
| ६३. | उडान रद्द र ढिलाइको जानकारी विमानस्थलमा यात्रु पुग्नुपर्ने समयको कम्तिमा २ घण्टा अगाडि यात्रुलाई सूचना दिने। (SMS, Email Or Telephone) | १ महिना | EC-NAC |
| **पर्यटन क्षेत्रको विकास र नेपाल भ्रमण वर्ष, २०२०** | | | |
| ६४. | नेपाल भ्रमण वर्ष २०२० मा कम्तिमा २० लाख पर्यटक भित्र्याउन प्रमुख १० ओटा स्रोत बजारहरुको पर्यटक आगमन प्रक्षेपण र त्यसका लागि आवश्यक कार्यक्रमको खाका पेश गर्ने र सो बमोजिम प्रबर्द्धनका कार्यक्रम संचालन गर्ने। | १५ दिन | NPC-VNY,2020<br>CEO-NTB |
| ६५. | UNWTO को सहकार्यमा सन् २०१९ डिसेम्बर अन्त्यमा Global Tourism Ministers' Conclave गर्ने र New Year in Nepal को Theme सहित सन् २०२० जनवरी १ मा विभिन्न देशका पर्यटन मन्त्रीहरुलाई सहभागी गराई Visit Nepal 2020 भव्य शुभारम्भ गर्ने। | ५ महिना | NPC-VNY,2020<br>CEO-NTB |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| ६६. | सन् २०२० जनवरी पहिलो हप्ताभित्र विदेशमा रहेका नेपालका सबै कुटनीतिक नियोगहरु, मिसनहरु तथा सातै प्रदेशका राजधानीमा नेपाल भ्रमण वर्षको भब्य शुभारम्भ गर्ने । यसमा सम्माननीयहरु (Big Six), प्रमुख प्रतिपक्षी दलका नेता र विभिन्न राजनैतिक दलका महत्वपूर्ण नेताहरुको उपस्थितिको व्यवस्था मिलाउने । | ५ महिना | NPC-VNY,2020 CEO-NTB |
| ६७. | नेपालबाट बाहिरिने पर्यटकको भिषा स्टाम्पिङ, व्यागेज स्टिकर र बोडिङ पासमा नेपाल भ्रमण वर्षको लोगोसहितको स्टिकर राख्ने व्यवस्था मिलाउन अध्यागमन विभाग र सम्वन्धित विमान कम्पनीहरुसंग आवश्यक समन्वय गर्ने । | निरन्तर | NPC-VNY,2020 CEO-NTB MoCTCA |
| ६८. | नेपाल भ्रमण वर्ष लाई लक्षित गरी Visit Nepal 2020 को आधिकरिक वेवसाइट तयार गरी संचालन गर्ने । प्रमुख समाचारहरु पोष्ट गर्ने व्यवस्था मिलाउने । | १ महिना | NPC-VNY,2020 |
| ६९. | नेपालका प्रमुख प्राकृतिक तथा साँस्कृतिक सम्पदा अंकित विशेष पोष्ट कार्ड बनाई पर्यटकहरुलाई नेपालबाट बिदा हुँदा नेपालको तर्फबाट धन्यवादसहितको उक्त पोष्ट कार्ड विमानस्थलको प्रस्थान विन्दुमा वितरणको व्यवस्था मिलाउने । | २ महिना | NPC-VNY,2020 |
| ७०. | नेपाल भ्रमण वर्ष २०२० लाई लक्षित गरी पर्यटन दूतको रुपमा Goodwill Ambessador तोक्ने वैज्ञानिक मापदण्ड बनाई नियुक्तिको व्यवस्था गर्ने (आरोही, दाता, विदेशीलाई प्राथमिकता दिने) । | निरन्तर | NPC-VNY,2020 CEO-NTB |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| ७१. | नेपालको संस्कृति झल्किने गरी विभिन्न जातजातीका परम्परागत भेषभूषामा सजिएका युवायुवतीद्धारा विमानस्थलको आगमन कक्षमा पर्यटकको स्वागत गर्ने व्यवस्था मिलाउने । | निरन्तर | NPC-VNY,2020<br>CEO-NTB |
| ७२. | नेपाली मौलिक खानाहरुको प्रचार प्रसार गर्नका लागि हरेक ४ र ५ तारे होटलले नेपाली खानाको छुट्टै स्थल हुनुपर्ने गरी होटल मापदण्डमा तोक्ने ।<br>नेपाली खानाको अन्तर्राष्ट्रियकरणका लागि आवश्यक प्रबर्द्धन र बुकलेट प्रकाशन गर्ने । | १५ दिन<br>३ महिना | MoCTCA<br>CEO-NTB |
| ७३. | गैरआवासीय नेपाली संघको नेतृत्वमा एक नेपाली **एक विदेशी साथी नेपाल पठाउ अभियान** संचालन तथा विदेशस्थित नेपाली नियोगमा यस संस्थाको सहभागितामा Tourist help desk संचालन लगायतका पर्यटन प्रबर्धनका विविध कार्यक्रम सञ्चालन गर्न नेपाल भ्रमण वर्ष २०२० को सचिवालय र NRNA बीच MoU गर्ने । | २ महिना | परराष्ट्र मन्त्रालय<br>NPC-VNY,2020<br>NRNA |
| ७४. | नेपालका प्रमुख साहसिक, साँस्कृतिक एवम् प्राकृतिक पर्यटकीय उपजहरुको जानकारीमूलक गुणस्तरीय पुस्तिका प्रकाशन गरी प्रचार प्रसार गर्ने । | २०१९ डिसेम्बर | CEO-NTB |
| ७५. | नेपाल भ्रमण वर्षको सन्दर्भमा निजी क्षेत्र संगको सहकार्यमा गैर आवासीय नेपाली समेतलाई लक्षित गरी पर्यटकलाई विशेष छुट सहितको उपयुक्त प्याकेज बनाई प्रचार प्रसार गर्ने । MICE Tourism लाई प्रबर्द्धन गर्न प्रोत्साहन गर्ने । | ३ महिना | CEO-NTB<br>NPC-VNY |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| ७६. | नेपालमा तथा विभिन्न देशहरुमा हिमाल आरोहीहरुको भेला, गोष्ठी सेमिनार गर्ने (Summiters' Summit) | २०२० | NPC-VNY,2020 |
| ७७. | भ्रमण वर्ष लक्षित पर्यटन प्रवर्द्धनका सामग्री सहित रेडियो जींगल तथा टिभीसी निर्माण गरी प्रशारण गर्ने । | निरन्तर | NPC-VNY,2020 |
| ७८. | अन्तर्राष्ट्रिय चेन होटेल तथा विमान कम्पनीसंग संयुक्त रुपमा नेपाल प्रवद्र्धनका प्याकेज सञ्चालन गर्ने । | १ बर्ष | MOCTCA |
| ७९. | नेपाल भ्रमण वर्ष २०२० को अवसरमा हिमालको नामाकरण तथा केही हिमाललाई प्रबर्द्धन गर्न रोयल्टी छुटको व्यवस्था मिलाउने । | ३ महिना | MOCTCA |
| ८०. | नेपालमा Tourism Investment Summit आयोजना गर्ने । | २०२० मार्च | NPC-VNY,2020 |
| ८१. | Tourism satellite Accounting (TSA) को काम सम्पन्न गर्ने । | २०७७ जेठ | CEO-NTB |
| ८२. | पर्यटन यातायात सेवालाई सहज र सरल बनाउने र मूख्य पर्यटकीय स्थलमा सम्वन्धित निकायसँग समन्वय गरी विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्न अध्ययन गर्ने । | ३ महिना | CEO-NTB |
| ८३. | Kathmandu Valley By Night को अवधारणा अनुरुप काठमाण्डौ, पाटन, भक्तपुर र कीर्तिपुरमा रात्रीकालीन सम्पदा यात्राको शुरुवात गर्ने । | ३ महिना | CEO-NTB NPC-VNY |
| ८४. | पर्यटनको विविधीकरणका लागि प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्र समेतको सहभागिता हुनेगरी नमुनाको रुपमा पाथीभरा, शेफोक्सुन्डो, खप्तड र रारा क्षेत्रमा Lonely Eco-Resort | ६ महिना | CEO-NTB तारागाउँ विकास समिति |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | संचालनको व्यवस्था हुनेगरी सम्भाव्यता अध्ययन गरी Modality निर्धारण गर्ने । | | |
| ८५. | चितवनको नारायणी नदीमा सामुन्द्रिक किनारा (Sea-Beach) को झल्को दिनेगरी नदी किनारामा प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रसहितको सहकार्यमा आवश्यक भौतिक पूर्वाधारको विकास गरी पर्यटकीय गतिविधि बृद्धि गर्न सम्भाव्यताको अध्ययन गरी मोडालिटी निर्धारण गर्ने । | ६ महिना | CEO-NTB<br>NPC-VNY |
| ८६. | चितवनको रामनगरदेखि दियालो बंगलासम्म सन्ध्याकालीन पर्यटकीय गतिविधि बृद्धि गर्न नाइट सफारी पार्क (Night Suffari Park) को विकास गर्न सम्भाव्यता अध्ययन गर्ने । | १ वर्ष | CEO-NTB |
| ८७. | नेपाल भ्रमण वर्ष २०२० को मूल आयोजक समिति तथा कार्यक्रम कार्यान्वयन समितिका निर्णयहरुको कार्यान्वयनमा प्रभावकारिताका लागि आवश्यक समन्वय, सहजीकरण र अनुगमन गर्न मन्त्रालयमा फोकल प्वाइन्ट तोक्ने । | नियमित | MoCTCA |
| ८८. | हरेक जिल्लामा नेपाल भ्रमण वर्ष २०२० केन्द्रित कृयाकलाप बृद्धि गर्न प्रदेश सरकारसंगको समन्वयमा जिल्ला समन्वय समिति प्रमुखको संयोजकत्वमा निजी क्षेत्र समेतको सहभागिता हुनेगरी प्रबर्द्धन समिति गठन गर्ने । साथै प्रदेशगत प्रबर्द्धन समितिको पुनर्गठन एवम् ToR तोक्ने । | १ महिना | MoCTCA |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| ८९. | नेपाल भ्रमण वर्ष २०२० को लोगो अंकित Arm Band लाई प्रिमियर लिगका क्लवहरुसंग संझौता गरी अन्तर्राष्ट्रिय फूटवल मार्फत प्रबर्द्धन गर्न प्रयास गर्ने । | ३ महिना | CEO-NTB<br>NPC-VNY |
| ९०. | पर्यटकको नेपाल बसाइलाई थप सुरक्षित बनाउन Crisis management Unit स्थापना गरी संचालन गर्ने । | ३ महिना | DG-DoT<br>CEO-NTB |
| ९१. | नेपालको एक प्रमुख पर्यटकीय स्रोत बजार चीनमा CTrip र Wechat मार्फत नेपालको प्रबर्द्धन गर्ने । | निरन्तर | CEO-NTB<br>NPC-VNY |
| ९२. | नेपाल पर्वतीय प्रतिष्ठानबाट Masters of Adventure Tourism Studies अध्यापन शुरु गर्ने । | ६ महिना | ने.प.प्र.प्र. |
| ९३. | पर्यटकलाई उपलब्ध हुने सेवा सुविधामा गुणस्तरीयता बृद्धि गर्न यस क्षेत्र सम्बद्ध १२००० जनशक्तिलाई क्षमता विकास तालिम दिने । | चालु आ.व. | NATHM<br>ने.प.प्र.प्र.<br>NTB,<br>VNY |
| ९४. | नेपालको पर्वतारोहणलाई थप सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउन GPS Tracking आवश्यक व्यवस्था मिलाई कार्यान्वयनमा लिने । | चालु आ.व. | DG-DoT |
| **संस्कृति तथा पुरातत्व** | | | |
| ९५. | भूकम्पले क्षतिग्रस्त विश्व सम्पदा सूचीमा रहेका सम्पदा समेत ३८९ सम्पदाको पुनर्निर्माण शुरुवात गरी १५० सम्पदाको पूननिर्माण सम्पन्न गर्ने । | १ वर्ष | DG-DoA |
| ९६. | कीर्तिपुरमा रहेको जातीय संग्रहालयलाई राष्ट्रिय | ६ महिना | DG-DoA |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | साँस्कृति संग्रहालयमा रुपान्तरण गर्नेगरी यसको अवधारणा तयार गर्ने र आवश्यक कानूनको मस्यौदा तयार गर्ने । | | MoCTCA |
| ९७. | काठमाण्डौ उपत्यका भित्रका विश्वसम्पदाहरुमा UNESCO को चासो संबोधन हुनेगरी कार्ययोजना बनाइ कार्यान्वयन गर्ने । साथै, युनेस्को World Heritage Center को अनुगमनबाट प्राप्त हुने सुझाव समेतको कार्यान्वयन गर्ने । | १ वर्ष | DG-DoA |
| ९८. | स्थानीय तहसंगको सहकार्यमा नेपालको उपयुक्त पहाडी क्षेत्रमा मैथिली साहित्यका महाकवि विद्यापतिको शालिक स्थापना गर्ने । | १ वर्ष | MoCTCA |
| **लुम्बिनी क्षेत्रको विकास** | | | |
| ९९. | गौतम बुद्ध र मायादेवीका प्राचीन, ऐतिहांसिक कथा तथा बुद्धका सन्देश समेतलाई समेटेर Documentry तयार गरी लुम्बिनी क्षेत्रमा यसको नियमित प्रदर्शन तथा प्रचार प्रसारको व्यवस्था गर्ने । | ३ महिना | VC-LDT |
| १००. | लुम्बिनीमा आन्तरिक शान्ति, तनाव व्यवस्थापन तथा पर्यटकको बसाइ अवधि लम्ब्याउने गरी वातानुकुलीत Dark Chanting Room नियमित संचालनको व्यवस्था गर्ने । | ३ महिना | VC-LDT |
| १०१. | बुद्ध दर्शन, लुम्बिनी, रामग्राम, गौतम बुद्ध र मायादेवी लगायतका प्राचीन, ऐतिहांसिक कथा समेटेर खुला नाटक प्रदर्शनको व्यवस्था मिलाउन अध्ययन गरी यसको प्रबन्ध गर्ने । | १ वर्ष | VC-LDT |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| १०२. | २ वर्षभित्र लुम्बिनी क्षेत्रको गुरुयोजना बमोजिमका बाँकी कार्यहरु सम्पन्न गर्ने Detail Action Plan बनाई कार्यान्वयन व्यवस्था मिलाउने । | ३ महिना | VC-LDT |
| १०३. | ग्रेटर लुम्बिनी सर्किट गुरुयोजना तयार गर्ने । | १ वर्ष | VC-LDT |
| १०४. | लुम्बिनी क्षेत्रमा निर्माणाधीन ५ हजार जना अट्ने Global Peace And Meditation Center निर्माण सम्पन्न गर्ने । | २०७६ फागुन मसान्त | VC-LDT |
| १०५. | लुम्बिनी क्षेत्रको ऐतिहासिकतासंग जोडिएको स्थानीय उत्पादनमा आधारित गीफ्ट सपको संचालनको व्यवस्था मिलाउने । | ६ महिना | VC-LDT |
| १०६. | नेपाल भ्रमण वर्षको सन्दर्भमा समेत २५६४ औं बुद्ध जयन्ति भव्य रुपमा मनाउने । तेस्रो World Buddhist Conference गर्ने । लुम्बिनीमा अन्तर्राष्ट्रियस्तरको त्रिपिटक वाचन गराउने । UN, Lumbini Development committee को बैठक आयोजना गर्ने । | चालु आ.व. भित्र | VC-LDT |
| १०७. | लुम्बिनी क्षेत्रको ऐतिहासिकता समेतलाई मध्यनजर गरी ५ लाख फलफूल लगायतका विभिन्न विरुवा कम्तिमा ३ वर्षभित्र रोप्ने व्यवस्था मिलाउनको लागि गुरुयोजना तयार गर्ने । **(गौतम बुद्ध फलफूल बाटिका)** | ६ महिना र निरन्तर | VC-LDT |
| १०८. | लुम्बिनी क्षेत्रमा प्रदेश सरकार र निजी क्षेत्रको सहकार्यमा पर्यटकको बसाइ लम्ब्याउन आकर्षक प्याकेज घोषणा गर्ने । लुम्बिनीमा पर्यटकको वसाइ अवधि बढाउन बौद्ध-बिहार बसाइ (Temple Stay) अवधारणा विकास | ३ महिना<br>६ महिना | VC-LDT<br>NTB |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | गरी कार्यान्वयन गर्ने । | | |
| १०९. | स्थलमार्गबाट लुम्बिनीमा आउने पर्यटकलाई सहज सेवा दिन रुपन्देही बेलहियामा पर्यटक तथा तीर्थयात्री स्वागत केन्द्र निर्माण गर्ने । | १ वर्ष | VC-LDT<br>NTB |
| ११०. | लुम्बिनी क्षेत्रमा सुविधा सम्पन्न अस्पताल निर्माणको कार्य अघि बढाउने । | चालु आ.व. | VC-LDT |
| **पशुपति क्षेत्र विकास** | | | |
| १११. | पाशुपत क्षेत्रको महिमा सहितको Documentry तयार गरी पशुपति क्षेत्रमा यसलाई प्रदर्शनको व्यवस्था मिलाउने । | ३ महिना | MC-PADT |
| ११२. | असक्त, बृद्धलाई पशुपतिनाथ मन्दिरको चारै ढोकासम्म पुग्नका लागि आवश्यक भौतिक पूर्वाधार र पर्याप्त संख्यामा ह्वीलचेयरको व्यवस्था गर्ने । | ३ महिना | MC-PADT |
| ११३. | पशुपति मन्दिरको अन्तर्राष्ट्रिय महत्व अनुरुप यस क्षेत्रमा प्रसाद घरको प्रबन्ध गरी नियमित प्रसाद वितरणको व्यवस्था मिलाउने । | ३ महिना | MC-PADT |
| ११४. | पशुपतिनाथ क्षेत्रमा थप पाँचवटा Electric Cart को संचालन व्यवस्था गर्ने । | २ महिना | MC-PADT |
| ११५. | यस क्षेत्रमा पर्याप्त संख्यामा आधुनिक शौचालयको व्यवस्था गर्ने । | ३ महिना | MC-PADT |
| ११६. | पशुपति परिसरमा डिजीटल कम्प्लेन बक्सको व्यवस्था गरी पृष्टपोषण लिने र सुधार गर्ने प्रणाली विकास गर्ने । | ३ महिना | MC-PADT |
| ११७. | पशुपति परिसरको गुरुयोजना अनुसार अब्यवस्थित घर टहराको व्यवस्थापन गर्ने । | २ महिना | MC-PADT |
| ११८. | दाहसंसकार गर्ने विद्युतीय मेसिन विस्तार गर्ने र | ६ महिना र | MC-PADT |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| | सेवालाई नियमित बनाउने । | निरन्तर | |
| ११९. | पशुपति क्षेत्रमा प्रवेश गर्ने विभिन्न स्थानहरुमा आकर्षक र कलात्मक प्रवेश द्धार निर्माण गर्ने । | ६ महिना | MC-PADT |
| १२०. | श्लेषमान्तक वनमा कम्तिमा एक हजार लब्सीको बिरुवा सहित अन्य बिरुवाको बृक्षारोपण गर्ने । | १ महिना | MC-PADT |
| १२१. | मृगस्थलीमा रहेका मृगको आधारभूत आहारा, बासस्थल र स्थानान्तरणको उचित प्रबन्ध गर्ने । | २ महिना | MC-PADT |
| १२२. | पशुपतिनाथ क्षेत्रमा सबैभन्दा धेरै संख्यामा आउने धार्मिक पर्यटकलाई लक्षित गरी कम्तिमा ३ भाषामा प्रचार प्रसार सामाग्री तयार गरी नियमित वितरणको व्यवस्था मिलाउने । | ३ महिना | MC-PADT |
| १२३. | यस क्षेत्रमा हुने आरतीको यूट्युव मार्फत प्रत्यक्ष हेर्न सकिने व्यवस्था मिलाउने । साथै विशिष्ट महानुभावबाट भएका भ्रमणका Clip समेत समावेश गरी Short Video बनाई प्रचार गर्ने । | ३ महिना | MC-PADT |
| १२४. | पशुपति Apps बनाई इ-पूजा संचालन गर्ने । | ६ महिना | MC-PADT |
| **जनकपुर क्षेत्र विकास** | | | |
| १२५. | रामजानकीका ऐतिहासिक प्राचीन कथालाई समेटी Documentry तयार गरी प्रदर्शनको व्यवस्था मिलाउने । | ३ महिना | अध्यक्ष- जनकपुर क्षेत्र |
| १२६. | जनकपुर स्थित गंगासागर आरतीलाई व्यवस्थित गर्न लाइटिङ्ग समेतको प्रबन्ध मिलाउने । | ३ महिना | अध्यक्ष- जनकपुर क्षेत्र |
| १२७. | रामायण सर्किटको डिजीटल डिस्प्ले तयार पारी जनकपुर क्षेत्रमा राख्ने । | निरन्तर | अध्यक्ष- जनकपुर क्षेत्र |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
| --- | --- | --- | --- |
| १२८. | स्थानीय तहको समन्वयमा जनकपुरमा आधुनिक बिवाह मण्डप निर्माण गर्ने । | १ वर्ष | अध्यक्ष- जनकपुर क्षेत्र |
| **विविध** | | | |
| १२९. | मन्त्रालय र अन्तर्गतबाट भएका कार्यसम्पादनको पारदर्शिता र सूचनामा सहज पहुँचका लागि मन्त्रालयमा Information and Media Center स्थापना गर्ने । | २ महिना | MoCTCA |
| १३०. | मन्त्रालय अन्तर्गतका सबै निकायमा हरेक महिनाको अन्तिम शुक्रबार र मन्त्रालयमा हरेक महिनाको पहिलो शुक्रबार कार्यसम्पादनको समीक्षा र सुधार गर्ने प्रणालीको विकास गर्ने । | निरन्तर | सबै |
| १३१. | नेपालको संस्कृति, पर्यटन र नागरिक उड्डयन सम्बन्धी विषयमा सम्बन्धित क्षेत्रका विज्ञ, सरोकारवाला र निजी क्षेत्र समेतको सहभागितामा मन्त्रालयमा मासिक रुपमा Thematic Round Table Discssion गराउने । | निरन्तर | सबै |
| १३२. | नेपालमा पुरातात्विक अभिलेख सम्बन्धी SWARBICA Conference 2020 आयोजना गर्ने । | १ वर्ष | रा.अभिलेखालय MoCTCA |
| १३३. | राष्ट्रिय अभिलेखालयका महत्वपूर्ण ऐतिहासिक तथा पुरातात्विक दस्तावेजहरुको थप ५० हजार पानालाई Digitization गरी संरक्षण गर्ने । | निरन्तर | रा. अभिलेखालय |
| १३४. | राष्ट्रिय व्यक्तित्वको नाममा स्थापित दुई वा सो भन्दा बढी प्रतिष्ठानहरुको समन्वय र सहकार्यमा कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गर्ने । | निरन्तर | MoCTCA |

| क्र.सं | क्रियाकलाप | कार्यसम्पादन अवधि | जिम्मेवार निकाय |
|---|---|---|---|
| १३५. | पर्वतीय पर्यटनमा मौसम पूर्वानुमानलाई थप भरपर्दो बनाउन सम्बन्धित निकायहरुको समन्वयमा विभिन्न क्षेत्रहरुको मौसम पूर्वानुमानको सूचना नियमित रुपले उपलब्ध हुने प्रबन्ध मिलाउने । | निरन्तर | ने प्र प्र प |
| १३६. | सरोकारवालासंग छलफल गरी वैज्ञानिक रुपमा रोयल्टी बाँडफाँडको प्रबन्ध गर्न आवश्यक मापदण्ड बनाउने । | ६ महिना | ने प्र र का |
| १३७. | नेपालको इतिहास र दर्शनको अध्ययन अनुसन्धान गरी विभिन्न अन्तर्राष्ट्रिय भाषामा प्रकाशन र वितरण गर्ने । | निरन्तर | नेपाल प्रज्ञा प्रतिष्ठान |
| १३८. | सातै प्रदेशको विशिष्टता समेटी प्रदेश परिचय संग्रह प्रकाशन गर्ने । | १ वर्ष | नेपाल प्रज्ञा प्रतिष्ठान |
| १३९. | विदेशमा रहेर नेपाली कला, भाषा र साहित्यमा योगदान दिने विदेशी सर्जक/स्रष्टालाई सम्मान गर्न अन्तर्राष्ट्रिय नेपाली साहित्य पुरस्कारको व्यवस्था गर्ने । | चालु आ.व. | नेपाल प्रज्ञा प्रतिष्ठान |
| १४०. | मन्त्रालय तथा अन्तर्गतका प्रमुख निकायहरुबाट प्रवाह हुने सेवाको गुणस्तर बृद्धि गर्न र नागरिकको पृष्ठपोषण लिने प्रणालीको विकास गर्न Digital Complain Box को व्यवस्था गर्ने । | ३ महिना | MoCTCA र अन्तर्गतका सबै निकायहरु |
| १४१. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको इन्धन भण्डारणलाई भूमिगत (Under-ground) गर्न नेपाल आयल निगमलाई अनुरोध गर्ने र यसका लागि आवश्यक जमीनको प्रवन्ध नेपाल नागरिक उड्डयन प्राधिकरणले गर्ने । | ३ महिना र निरन्तर | CAAN NAC |

# मेरो भनाई

नेपाली जनताको परिवर्तनको चाहना र निरन्तरका संघर्ष पश्चात् जननिर्वाचित प्रतिनिधिहरु मार्फत इतिहासमै प्रथम पटक संविधान सभाबाट नेपालको संविधान जारी भएको हो । राजनीतिक परिवर्तनलाई संस्थागत गर्ने कार्य संविधान मार्फत भएको छ । राजनीतिक र शासकीय स्वरुपमा आएको परिवर्तन सँगै आर्थिक, सामाजिक रुपान्तरण र त्यसबाट जीवनस्तरमा पर्ने सकारात्मक प्रभाव मार्फत जन-आकांक्षालाई सही रुपमा संवोधन गर्नु सरकारको जिम्मेवारी वन्न पुगेको छ ।

सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीको नेतृत्वमा वर्तमान सरकारले उल्लिखित पक्षलाई मनन गरी **समृद्ध नेपाल सुखी नेपाली**को दूरदृष्टी सहित आवश्यक नीति, योजना र कार्यक्रम कार्यान्वयनतर्फ केन्द्रित रहेको छ । मुलुकको समृद्धि र जनताको सुख समावेशी विकासबाट मात्र सम्भव छ । समावेशी विकासका लागि तुलनात्मक लाभ भएको एक प्रमुख क्षेत्र पर्यटन हो । पर्यटनबाट केवल आर्थिक पक्षमा मात्र योगदान नदिई जनचेतना, रोजगारी, पूर्वाधार विकास, अन्तर्राष्ट्रिय पहिचान र सभ्यताको विकास सम्म टेवा पुर्याउँछ ।

जनताको आधारभूत संबैधानिक आवतजावतको हकको सुनिश्चितता र अन्तर्राष्ट्रिय जगतमा हाम्रो पहुँच र पहिचानका लागि समेत नागरिक उड्डयन क्षेत्रको अत्यन्त महत्व रहेको छ । विश्वका केही प्राचीन मुलुकहरुको सूचीमा पर्ने नेपालको सभ्यता, संस्कृति, पहिचान आफैमा मौलिक र अद्वितीय छ । यसको संरक्षण र संवर्द्धन आवश्यक छ ।

संस्कृति, पर्यटन र नागरिक उड्डयनका प्रस्तुत पक्षलाई उजागर गरी यसको विकासको माध्यमबाट नेपाली जनताको मुहारमा समृद्धिको मीठो हाँसो हामीले छर्न आवश्यक छ । त्यसका लागि यो मन्त्रालयका तर्फबाट हामी सबैको इमान्दार प्रयास रहनेछ भन्ने प्रतिद्धता व्यक्त गर्न चाहन्छु ।

चालु आर्थिक वर्षमा यस मन्त्रालय र अन्तर्गतबाट हुने कार्यलाई व्यवस्थित गर्न र परिणाममुखी उपलब्धी हासिल गर्न जिम्मेवार पदाधिकारीहरुसंगको परामर्शमा नियमित कामका अतिरिक्त हामीले प्राथमिकता दिएका केही प्रमुख पक्षहरु सहितको एकवर्षीय कार्ययोजना तयार गरिएको छ । प्रस्तुत कार्ययोजना कार्यान्वयनमा सम्पूर्ण सरकारी तथा गैरसरकारी निकाय,निजी क्षेत्र, राजनीतिक दल, कुटनीतिक क्षेत्र, विकास साझेदार ,सञ्चार जगत तथा जनस्तरवाट सबैको सकारात्मक साथ र सहयोग रहनेछ भन्ने अपेक्षा गरेको छु ।

**योगेश भट्टराई**

**२०७६/०५/०९** **मन्त्री**

# सम्पर्क नम्बरहरु

| सि.नं | पद | नाम | निकाय | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | मा. मन्त्री | श्री योगेश भट्टराई | सं. प. तथा ना. उ. मन्त्रालय | ९८५१०२३६५६ |
| २ | मा. राज्यमन्त्री | श्री धन बहादुर बुढा | सं.प.तथा ना.उ.मन्त्रालय | ९८५१०७४२५८ |
| ३ | सचिव | श्री केदार बहादुर अधिकारी | सं.प.तथा ना.उ.मन्त्रालय | ९८५११३८०६६ |
| ४ | सह-सचिव | श्री सुरेश आचार्य | सं.प.तथा ना.उ.मन्त्रालय | ९८४१५३७१५७<br>९८५१२३६४३३ |
| ५ | सह-सचिव | श्री बुद्धिसागर लामिछाने | सं.प.तथा ना.उ.मन्त्रालय | ९८५१२४९०३३ |
| ६ | सह-सचिव | श्री घनश्याम उपाध्याय | सं.प.तथा ना.उ.मन्त्रालय | ९८५११२२०८२ |
| ७ | महानिर्देशक | श्री डण्डुराज घिमिरे | पर्यटन विभाग | ९८५११७७२९८ |
| ८ | नि.महानिर्देशक | श्री दामोदर गौतम | पुरातत्व विभाग | ९८४९५९५५५१ |
| ९ | कार्यकारी प्रमुख | श्री दिपकराज जोशी | नेपाल पर्यटन बोर्ड | ९८५१२४४२९९ |
| १० | राष्ट्रिय कार्यक्रम संयोजक | श्री सुरज वैद्य | नेपाल भ्रमण वर्ष २०२० को सचिवालय | ९८५११०१७७७ |
| ११ | महानिर्देशक | श्री राजन पोखरेल | नेपाल नागरिक उड्डयन प्राधिकरण | ९८५१०७१८१४ |
| १२ | महाप्रबन्धक | श्री राज कुमार क्षेत्री | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल | ९८५१०६७८३४ |
| १३ | निर्देशक | श्री प्रदिप अधिकारी | राष्ट्रिय गौरवका आयोजना (पोखरा, निजगढ, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल) | ९८५१०८०२७३ |
| १४ | कार्यकारी अध्यक्ष | श्री मदन खरेल | नेपाल वायुसेवा निगम | ९८५११५३०५६ |
| १५ | उपाध्यक्ष | श्री अवधेस कुमार त्रिपाठी | लुम्बिनी विकास कोष | ९८०३१०२३५४ |
| १६ | सदस्य सचिव | डा. प्रदिप ढकाल | पशुपति क्षेत्र विकास कोष | ९८५१२१५८६६ |
| १७ | कार्यकारी निर्देशक | श्री दुर्गादत्त ढकाल | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ९८५११४५१५९ |
| १८ | कार्यकारी निर्देशक | श्री रोमनाथ ज्ञवाली | नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान | ९८५१२०७२२१ |
| १९ | नि. सदस्य सचिव | श्री जगदिश प्रसाद श्रेष्ठ | तर गाउँ बिकाश समिति | ९८४१६२४३८१ |